# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
**मितिः ०८ मई २०२६**

समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारतीय जनता पार्टीका वरिष्ठ नेता शुभेन्दु अधिकारी पश्चिम बंगालका नयाँ मुख्यमन्त्री हुनेहुनेछ। केन्द्रीय गृहमन्त्री अमित शाहको उपस्थितिमा भाजपा विधायक दलको बैठकमा श्री अधिकारीलाई विधायक दलको नेताको रुपमा चयन गरिएको छ|
- कोलकाताको ऐतिहासिक ब्रिगेड परेड ग्राउन्डमा भोलि हुने पश्चिम बंगालको पहिलो भाजपा सरकारको शपथ ग्रहण समारोहको तयारी अन्तिम चरणमा पुगेको छ।
- पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डले आज पश्चिम बंगाल माध्यमिक परीक्षा 2026 को परिणाम सार्वजनिक गरेको छ। यस वर्ष विद्यार्थी सफलता दर 86.83 % रेकर्ड गरिएको छ।
- निर्वाचन आयोगले हालै सम्पन्न विधानसभा चुनाव र उपचुनावका लागि सूचकांक कार्ड र सांख्यिकी रिपोर्टहरू ECI नेट एपमा जारी गरेको छ।
- भारतीय जनता पार्टी खरसाङका प्रतिनिधिबमण्डलले खरसाङ महकुमा शासक तथा खरसाङ महकुमा पुलिस अधिकारीसँग भेट गरी खरसाङ नगरपालिका सम्बन्धित सम्पूर्ण फाइलहरूको सुरक्षाको माग गर्दै ज्ञापन पत्र बुझाएका छन्|

**शुभेन्दु अधिकारी नयाँ मुख्यमन्त्री**

भारतीय जनता पार्टीका वरिष्ठ नेता शुभेन्दु अधिकारी पश्चिम बंगालका नयाँ मुख्यमन्त्री हुनेहुनेछ। उहाँलाई आज कोलकातामा भाजपा विधायक दलको नेताको रुपमा चयन गरिएको छ। श्री अधिकारी राज्यको पहिलो भाजपा मुख्यमन्त्री बन्नुहुनेछ।केन्द्रीय गृहमन्त्री अमित शाहको उपस्थितिमा भाजपा विधायक दलको बैठकमा श्री अधिकारीलाई विधायक दलको नेताको रुपमा चयन गरिएको थियो। श्री शाहले बैठकमा नेता पदका लागि श्री अधिकारीको नाम मात्र प्रस्ताव गरिएको बताउनुभयो। यसपछि, केन्द्रीय गृहमन्त्री अमित शाहले श्री अधिकारीको चयनको औपचारिक घोषणा गर्नुभयो।नयाँ भाजपा सरकारको शपथ ग्रहण समारोह भोलि कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा हुनेछ।

**मुख्यमन्त्री शपथ ग्रहण समारोह**

कोलकाताको ऐतिहासिक ब्रिगेड परेड ग्राउन्डमा पश्चिम बंगालको पहिलो भाजपा सरकारको शपथ ग्रहण समारोहको तयारी अन्तिम चरणमा पुगेको छ। आज, भाजपा राज्य प्रवक्ता देवजीत सरकार सहित धेरै वरिष्ठ नेताहरूले तयारीको समीक्षा गर्न स्थलको भ्रमण गर्नुभयो। राज्य पुलिस र कोलकाता पुलिसका वरिष्ठ अधिकारीहरू पनि सुरक्षा व्यवस्थाको समीक्षा गर्न बिहान स्थलमा पुनुभएको थियो।

***रिपोर्टका अनुसार, शपथ ग्रहण समारोह भोलि बिहान १० बजे सुरु हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह, भाजपा अध्यक्ष नितिन नवीन, धेरै केन्द्रीय मन्त्रीहरू र भाजपा शासित राज्यका मुख्यमन्त्रीहरू यस ऐतिहासिक कार्यक्रममा उपस्थित रहनुहुनेछ।***

***पुलिसले सुरक्षित र व्यवस्थित समारोह सुनिश्चित गर्न विस्तृत सुरक्षा व्यवस्था गरेको छ। लगभग ९०० एकडमा फैलिएको ब्रिगेड परेड ग्राउन्डलाई सुरक्षा र भीड नियन्त्रणको लागि ३० सेक्टरमा विभाजन गरिएको छ। प्रत्येक सेक्टरमा एक डीसीपी वा सहायक आयुक्त-स्तरीय अधिकारी रहने छन्। लगभग ४,००० पुलिस कर्मचारी तैनाथ गरिनेछ, र आवश्यक परेमा केन्द्रीय सशस्त्र बलका थप कम्पनीहरू पनि तैनाथ गरिनेछ।***

***कार्यक्रममा लाखौं मानिसहरुको भीड र विशिष्ट व्यक्तिहरुको सुरक्षालाई ध्यानमा राख्दै, उच्च प्रविधियुक्त सुरक्षा व्यवस्था मिलाइएको छ। सबै प्रवेश बिन्दुहरूमा डोर फ्रेम मेटल डिटेक्टरहरू जडान गरिनेछ। मैदान वरिपरिका धेरै मार्गहरूमा विशेष ट्राफिक व्यवस्था गरिनेछ, र केही मार्गहरू डाइभर्ट गरिनेछ।***

## कोलकाता विधानसभा तयारी

पश्चिम बंगालमा नयाँ सरकार गठनको लागि प्रशासनिक र राजनीतिक तयारी तीव्र भएको छ। भोलि हुने शपथ ग्रहण समारोह अघि कोलकाता विधानसभा परिसरलाई राम्ररी सजाइन्दै छ।

पश्चिम बंगाल विधानसभा परिसर भित्र सफाई, रंगरोगन र मर्मत कार्य तीव्र गतिमा भइरहेको छ। पूर्व मन्त्रीहरूको नेमप्लेट हटाउने प्रक्रिया पनि सुरु भएको छ। प्रशासनिक स्रोतहरूका अनुसार, यो नयाँ सरकार गठन हुनुभन्दा अघि सम्पन्न हुने नियमित प्रक्रिया हो।

## पश्चिम बंगाल माध्यमिक परीक्षा

पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डले आज पश्चिम बंगाल माध्यमिक परीक्षा 2026 को परिणाम सार्वजनिक गरेको छ। यस वर्ष विद्यार्थी सफलता दर 86.83 % रेकर्ड गरिएको छ।यस वर्ष उत्तर दिनाजपुरका विद्यार्थी अभिरुप भद्राले 700 मा 698 अंक प्राप्त गरेर राज्यमा प्रथम स्थान हासिल गरेको छ। अभिरुपले 99.71% अंकका साथ राज्यमा प्रथम स्थान हासिल गरेको हो। यस वर्ष माध्यमिक परीक्षाको मेरिट सूचीमा 131 विद्यार्थीहरू शीर्ष 10 मा परेका छन्। राज्यका शीर्ष स्थान हासिल गर्नेहरूमध्ये अभिरुप भद्रा 698 अंकका साथ प्रथम स्थानमा छन् भने अरित्र दासले 697 अंक प्राप्त गरेर दोस्रो स्थान हासिल गरेका छन्। सौम्या पालले 696 अंक प्राप्त गरेर तेस्रो स्थान हासिल गरेकी छन्। परिणाम सार्वजनिक भएपछि विद्यार्थीहरूले माध्यमिक शिक्षा बोर्डको आधिकारिक वेबसाइट र परिणाम पोर्टलमा आफ्नो परिणाम हेर्न सक्ने छन्। बोर्डले दिएको जानकारी अनुसार, नियमित, निरन्तर र कम्पार्टमेन्ट श्रेणीहरू सहित कूल 9 लाख 59 हजार 753 उम्मेदवारहरूले परीक्षा दिएका थिए। परीक्षा राज्यभरिका 2600 भन्दा बढ़ी केन्द्रहरूमा सञ्चालन गरिएको थियो।

यसरिनै यस वर्षको माध्यमिक परीक्षामा कालेबुङ जिल्लाबाट उत्कृष्ट अन्क प्राप्त गरेर सफलता हासिल गर्ने सोनाम तामाङ जिल्ला टपर बनेका छन् ।

## माध्यमिक परीक्षा शुभकामना

आज पश्चिम बंगाल माध्यमिक परीक्षा २०२६ को परिणाम घोषणा भएपछि भारतीय जनता पार्टीका वरिष्ठ नेता सुकान्त मजुमदार र शुभेन्दु अधिकारीले सफल विद्यार्थीहरूलाई बधाई दिनुभएको छ।सुकान्त मजुमदारले एक सामाजिक सञ्जाल पोस्टमा "आफ्नो विद्यार्थी जीवनको पहिलो ठूलो परीक्षामा सफल भएका सबै विद्यार्थीहरूलाई हार्दिक बधाई छ।" भनि लाख्नुभएको छ |शुभेन्दु अधिकारीले भविष्यमा सफलताका धेरै अवसरहरू पर्खिरहेकाले यस्ता विद्यार्थीहरूले आफ्नो मनोबल कायम राख्नुपर्ने बताउनुभयो। उहाँले सबै विद्यार्थीहरूलाई उज्ज्वल भविष्यको शुभकामना र आशीर्वाद दिनुभयो।

## निर्वाचन आयोग सूचकांक कार्ड

निर्वाचन आयोगले हालै सम्पन्न विधानसभा चुनाव र उपचुनावका लागि सूचकांक कार्ड र सांख्यिकी रिपोर्टहरू ECI नेट एपमा जारी गरेको छ। सूचकांक कार्डहरूले उम्मेदवार, मतदाता, गणना गरिएको मत, दलगत र उम्मेदवारगत मतहरू सहित विभिन्न तथ्याङ्कहरू प्रदान गर्दछ। आयोगले हालै सम्पन्न ८०३ विधानसभा चुनावका लागि सूचकांक कार्ड र सांख्यिकी रिपोर्टहरु प्रकाशित गरिएको र निर्वाचन परिणाम घोषणा भएको ७२ घण्टाको रेकर्ड समय भित्र उपलब्ध गराइएको बताएको छ।

## आकाशवाणी- म्यारथन

आकाशवाणीले राष्ट्रप्रतिको आफ्नो विशिष्ट सेवाको ९० वर्षको उत्सवको रूपमा आज राष्ट्रिय राजधानीमा म्याराथनको आयोजना गऱ्यो। लगभग साढे तीन किलोमिटर म्याराथन आकाशवाणी भवनबाट शिरू भएको थियो। यो कृषि भवन, रेल भवन र भारतीय रिजर्भ ब्याङ्क हुँदै आकाशवाणी भवनमा समापन भएको थियो। आकाशवाणी, दूरदर्शन र प्रसार भारतीका कर्मचारीहरूले आफ्ना परिवारसहित म्याराथनमा भाग लिएका थिए। म्याराथन पूरा गर्ने सबै सहभागीहरूलाई पदक प्रदान गरिएको थियो भने पुरुष र महिला दुवै वर्गका शीर्ष तीन सहभागीहरूले ट्रफी प्राप्त गरेका थिए। हाम्रा संवाददाताले रिपोर्ट अनुसार, प्रसार भारतीका प्रमुख कार्यकारी अधिकारी गौरव द्विवेदी र आकाशवाणीका महानिदेशक राजीव कुमार जैनले म्याराथनलाई झण्डा देखाएर प्रस्थान गरेका थिए।प्रसार भारतीका कार्यकारी अधिकारी गौरव द्विवेदीले आकाशवाणीको 90 वर्षको उत्सवमा देशभरिका विभिन्न स्टेशनहरूमा विविध कार्यक्रमहरू आयोजना भइरहेको बताउनु भएको छ।

यसरी नै आकाशवाणीका महानिदेशक राजीव कुमार जैनले यस प्रकारको कार्यक्रम देशको सुदुर क्षेत्रहरूसम्म पुग्ने गरेको बताउनु भयो।

**राष्ट्रीय पेंशन योजना**

यस वर्षको मार्चसम्ममा राष्ट्रिय पेन्सन प्रणाली (NPS) अन्तर्गत दर्ता भएका व्यक्तिहरूको कुल संख्या २ करोड १७ लाख पुगेको छ। पेन्सन निधि नियामक तथा विकास प्राधिकरणद्वारा नियमन गरिएको यो योजनाले सेवानिवृत्ति पछि नागरिकहरूलाई दीर्घकालीन वित्तीय सुरक्षा प्रदान गर्दछ। यस अन्तर्गत व्यवस्थित सम्पत्तिहरू लगभग १६ लाख करोड पुगेको छ।

अटल पेन्सन योजना (APY) ले पनि ८९ लाख नामांकनहरू रेकर्ड गरेको छ। मई २०१५ मा सुरु गरिएको यो योजनाले नागरिकहरू, विशेष गरी असंगठित क्षेत्रका कामदारहरूका लागि विश्वव्यापी सामाजिक सुरक्षा प्रणाली सिर्जना गर्ने लक्ष्य राखेको छ। यो योजना १८ देखि ४० वर्ष उमेरका व्यक्तिहरूका लागि खुला छ जसको बचत बैंक वा डाक कार्यालय खाता छ।

**तृणमूल कांग्रेस कारण बताउ नोटिस**

विधानसभा चुनावमा पराजयपछि पार्टी विरोधी गतिविधि र अनुशासनहीन सार्वजनिक टिप्पणी गरेको आरोपमा तृणमूल कांग्रेसले आफ्ना पाँच प्रवक्तालाई कारण बताउ नोटिस जारी गरेको छ |पार्टी स्रोतका अनुसार, नोटिस पठाइएका नेताहरूमा रिजु दत्ता, कृष्णेन्दु चौधरी, कोहिनूर मजुमदार, पापिया घोष र कार्तिक घोष समावेश छन्। ती सबैलाई २४ घण्टा भित्र लिखित जवाफ बुझाउन भनिएको छ। तृणमूल कांग्रेसको अनुशासन समितिले जारी गरेको सूचनामा यी नेताहरूको हालैका अभिव्यक्तिहरूले पार्टीको छविलाई हानि पुऱ्याउने र पार्टी अनुशासन विपरीत रहेको उल्लेख छ। यसले यस्तो अभिव्यक्तिले संगठनको एकता र कार्यप्रणालीमा नकारात्मक असर पार्न सक्ने पनि उल्लेख गरेको छ।सूचनामा स्पष्ट पारिएको छ कि यदि तोकिएको समयसीमा भित्र सन्तोषजनक जवाफ प्राप्त भएन भने, पार्टी संविधान अनुसार अनुशासनात्मक कारबाही गरिनेछ। सम्बन्धित नेताहरूलाई अनुसन्धान प्रक्रिया पूरा नभएसम्म यस विषयमा सार्वजनिक टिप्पणी गर्नबाट टाढा रहन पनि निर्देशन दिइएको छ।

**सिक्किम – मुख्यमन्त्री – कलकता**

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ पश्चिम बंगालका नयाँ मुख्यमन्त्री तथा नव निर्वाचित विधायकहरूको शपथ ग्रहण कार्यक्रममा भाग लिन कोलकता पुग्नु भएको छ। उहाँ भोली कोलकताको ब्रिगेड मैदानमा सम्पन्न हुने शपथ ग्रहण समारोहमा अथितिको रूपमा उपस्थित हुनुहुनेछ। यसैबीच असमका निवर्तमान मुख्यमन्त्री डा. हिमन्त विश्व शर्मा पनि भोली पश्चिम बंगालमा हुने शपथ ग्रहण समारोहमा भाग लिन कोलकता प्रस्थान हुने जानकारी प्राप्त भएको छ।

**भाजपा खरसाङ नगरपालिका**

भारतीय जनता पार्टी खरसाङका प्रतिनिधिबमण्डलले खरसाङ महकुमा शासक तथा खरसाङ महकुमा पुलिस अधिकारीसँग भेट गरी खरसाङ नगरपालिका सम्बन्धित सम्पूर्ण फाइलहरूको सुरक्षाको माग गर्दै ज्ञापन पत्र बुझाएका छन्। भाजपा टोलीले केही महत्वपूर्ण फाइलहरूमा छेडछाड गर्ने प्रयास भइरहेको भन्ने जानकारी आएको भन्दै ती फाइनलहरु सुरक्षित राखिन पर्ने माग राख्दै महकुमा शासक र महकुमा पुलिस अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन्। यसको साथै राजनीतिक नियुक्तिको आधारमा राखिएको नगरपालिका प्रशासकलाई तत्काल हटाउन पनि भाजपा प्रतिनिधि टोलीले माग गरेका छन्। यस टोलीमा भारतीय जनता पार्टीको दार्जिलिङ जिल्ला उपाध्यक्ष आरबी लामा, जिल्ला सचिव बिनय प्रसाद, अनुप गदाल, अधिवक्ता रमेश अग्रवाल, जिल्ला मिडिया प्रभारी चन्दन प्रसाद लगायत अन्यहरु उपस्थित रहेका थिए।

**तृणमूल कांग्रेस विधायक सन्यास**

उत्तर २४ परगना जिल्लाको ब्यारेकपुर सिटबाट विधानसभा चुनाव हारेपछि, तृणमूल कांग्रेसका पूर्व विधायक तथा फिल्म निर्माता राज चक्रवर्तीले राजनीतिबाट सन्यासको घोषणा गरेका छन्। उनले यस सम्बन्धमा बिहीबार राति सामाजिक सञ्जालमा तीन छुट्टाछुट्टै पोस्ट गरेका छन्।फिल्म निर्माताबाट राजनीतिज्ञ बनेका राज चक्रवर्तीले आफ्नो पहिलो पोस्टमा "जब पनि मलाई जीवनमा कुनै जिम्मेवारी दिइएको छ, मैले त्यसलाई पूर्ण इमानदारी र समर्पणका साथ पूरा गर्ने प्रयास गरेको छु भनि बताउदै एक फिल्म निर्माताको रूपमा, मैले सधैं मेरा फिल्महरू मार्फत मानिसहरूलाई मनोरञ्जन दिने प्रयास गरेको बताएका छन्।"आफ्नो दोस्रो पोस्टमा उनले, "२०२१ मा, उनलाई राजनीतिमा प्रवेश गर्ने र विधायकको रूपमा जनताको सेवा गर्ने अवसर प्राप्तभएको र विगत पाँच वर्षदेखि, त्यो भूमिकामा आफ्नो कर्तव्य पूरा गर्ने प्रयास गरेको बताउदै २०२६ मा, त्यो अध्याय समाप्त हुनेछ, र यससँगै, उनको राजनीतिक यात्रा पनि समाप्त हुनेछ।"बताएका छन्

आफ्नो तेस्रो पोस्टमा, उनले आशा व्यक्त गरेका छन् कि पश्चिम बंगाल भाजपा सरकारको नेतृत्वमा विकासको बाटोमा अगाडि बढ्नेछ। "बंगालका जनताले आफ्नो फैसला दिएका छन्, र ९ मईमा नयाँ सरकारले शपथ लिनेछ। मलाई आशा छ कि राज्य विकासको बाटोमा अगाडि बढ्नेछ।"

**********